**नेपाल सरकार**

**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय**

**डडेल्धुरा**

(राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियानको

प्रतिवेदन

**पेश गरीएको निकाय**

नेपाल सरकार, गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग,

सिंहदरबार, काठ्माण्डौं

**प्रस्तुतकर्ता**

प्रमुख जिल्ला अधिकारीः हरि प्रसाद घिमिरे

सहायक प्रमुख जिल्ला अधिकारीः- बाबुराम अर्याल

अभियान सञ्चान मितिः- २०७७।०९।०१ गते

अभियान सम्पन्न मितिः- २०७७।११।१२ गते

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

## १. राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान डडेल्धुराको परिचय:

नेपाल सरकार, गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागद्वारा संचालित राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान यस डडेल्धुरा जिल्लामा मिति २०७७।०९।०१ बाट शुरु भई मिति २०७७।११।१२ मा सम्पन्न भयो । सर्वप्रथम यस विभागका निर्देशक एवं अधिकृत प्रतिनिधिहरुबाट परिचयपत्र बारेमा जिल्ला स्थीत राजनीतिक दल, पालिकाका प्रमुख/उपप्रमुख, नागरिक समाज, पत्रकार लगायतको उपस्थितीमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । मिति २०७७।०८।०७ मा प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद वास्तोलाको अध्यक्षतामा बसेको पालिका समन्वय बैठक मार्फत डडेल्धुरामा राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान संचालनका लागि विभागसंग आग्रह गर्ने निर्णय गरेको थियो ।

मिति २०७७।०८।३० गते विभागका निर्देशकको टोलीले सदरमुकाम अमरगढीमा जिल्लाका राजनीतिक दल, पालिकाका प्रमुख/उपप्रमुख, प्रशासकीय अधिकृत लगायत नागरिक समाज, नेपाल बार एशोसियसनका जिल्ला प्रतिनिधी एवं पत्रकारहरुको अन्तरक्रिया कार्यक्रम श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री हरि प्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रमको सहजीकरण सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम अर्यालले गर्नुभएको थियो भने विभागका निर्देशक श्री शिवराज जोशीले प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले राष्ट्रिय परिचयपत्रको परिचय, महत्व, उदेश्य तथा समग्र डडेल्धुरामा हुने विवरण संकलन अभियानबारे प्रस्तुतीकरण मार्फत सोधिएका जिज्ञासा सामाधान गर्नुभएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख एवं अमरगढी नगरपालिकाका नगर प्रमुख श्री विशेश्वर प्रसाद ओझाले प्रमुख अतिथिको तर्फबाट अभियानको सफलताको कामना गर्नुभएको थियो । मिति २०७७।०८।३० गते बसेको बैठकबाट कार्यक्रमबारे सबै पालिका प्रमुखहरुलाई जानकारी गराइएको थियो । यस जिल्लामा जम्मा ३१ वटा स्टेसन मार्फत काम भएको थियो । कार्ययोजना वमोजिम नै कार्यक्रम सम्पन्न भएको थियो । अभियानको समयावधि भित्रका सबै सार्वजनिक विदाका दिनमा समेत काम गरिएको थियो । नागरिकको तहबाट आउने तथा अपरेटरहरुबाट आउने गुनासो सम्बन्धित स्टेसन राखिएका स्थानहरुमा नै गएर सम्बोधन गरिएको थियो ।

सबै पालिकाहरुका वडा अध्यक्ष, तथा वडा सचिव एवं रुजु अधिकारीहरुलाई अभियानका बारेमा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, कम्प्युटर अपरेटर र लेखापालले सहजिकरण गर्नुभएको थियो । अभियान संचालनमा सबै पालिकाहरुका प्रमुख/उपप्रमुख, वडा अध्यक्ष एवं सदस्यहरु तथा प्रमुख प्रशासकीय अधिकृत सबैसंग समन्वयको काम स.प्र.जि.अ.ले गर्नुभएको थियो । अभियानका बारेमा आम नागरिकहरुलाई

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

जानकारी गराउनका लागि जिल्ला प्रशासन कार्यालय द्वारा सार्वजनिक सूचना जारी गरिएको थियो साथै जिल्ला स्थित सबै संचार माध्यम मार्फत र कार्यालयको Website तथा Facebook Page मार्फत समेत कार्यक्रम बारे समय समयमा प्रचार प्रसार गरिएको थियो।

**(क) राष्ट्रिय परिचय पत्रको उद्देश्यः**

- एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने।
- नागरिकका वैयक्तिक ,जैविक विवरणको संकलन,भण्डारण र उपयोग गर्ने।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीलाई राज्यबाट प्रवाह हुने सेवासँग आवद्ध गर्ने।
- नागरिकहरूलाई बहुउपयोगी राष्ट्रिय परिचय नम्बर र राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक स्मार्टकार्ड प्रदान गर्ने।

**(ख) राष्ट्रिय परिचयपत्रको फाइदा तथा महत्वः**

प्रत्येक नागरिक लाई एक पृथक नम्वर सहित आफ्ना वैयक्तिक एवंम जैविक सूचना सहितका विवरण भएको अत्याधुनिक प्रविधियुक्त चिप्स सहितको एक नागरिक एक पृथक परिचय नम्वर सहितको परिचय पत्र भएकोले यसको प्रभावकारी कार्यन्वयनबाट मूलुक एवंम नागरिकलाई निम्न फाइदा हुनेछ :

* **प्रशासनिकः** सार्वजनिक सेवा प्रवाहलाई E-Service संग आवद्दता गरी सुशासन कायम गर्न

विकासः विकास व्यवस्थापन र प्रतिफलको उपयोग गर्न।

* **आर्थिक**ः कर, गैरकर राजस्व व्यवस्थापन गर्न।

* **सुरक्षा**ः नागरिक पहिचान (स्वदेशी / विदेशी)

* सूचना प्रविधि मैत्री सार्वजनिक सेवा प्रवाह गर्न।

* राज्यमा शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण र अपराधिक पहिचान गरी कारवही प्रकृया अगाडी बढाउन।

* राज्यबाट प्रदान गरीने सेवा (विद्युत, टेलीफोन, खाने पानी जस्ता नागरिकले प्रयोग गर्ने दैनिक उपभोग्य सेवा ( utility service) को भुक्तानी सहज र कार्य कार्यवोझ कम गर्न।

* विपद् र आपतकालीन घटनाको व्यवस्थापन र जोखिम न्यूनिकरण प्रतिकार्य संचालन र राहत व्यवस्थापन समेतमा सहज हुने।

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इन्द्रेणीधरा

२. जिल्लामा राष्ट्रिय परिचयपत्र अभियान सञ्चालन गर्दा आएका समस्याहरुः

१) भौगोलिक बिकटताका कारण एउटै वडामा धेरै ठाउँमा स्टेसन सार्नुपर्ने झन्झट भएको ।

२) नागरिकताको सक्कलको सट्टामा प्रतिलिपि तथा आफ्नो विवरणको लागि पुष्ट्यांईका लागि आवश्यक प्रमाण कागजात पूर्ण नभईकन विवरण दर्ता गरिदिन रुजु अधिकारी र अपरेटरहरुलाई भनसुन गरेको ।

३) सेवाग्राहीहरु झुक्किएर/छिटो काम सकेर जाने मनसायले आवेदन फाराम रुजु अधिकारीकहाँ नलगीकन सिधै स्टेशनमा लगेर जान खोज्ने ।

४) रुजु अधिकारीले आवश्यक कागजात पेश गर्न भनेपछि सो नगरेर रुजु अधिकारी स्थानीय भएका कारण झगडा गर्न खोज्ने तथा रिसिबी लिने गरेको पाईयो ।

५) प्राय सेवाग्राही पालो मिच्न खोजेर, प्रभावमा पारी गलत कार्य गर्न अरु सेवाग्राहीलाई समेत प्रेरित गर्न खोज्ने ।

६) नागरिकतामा फोटो, सही, जारी मिति, पुरानो, च्यातिएको आदि कारणले प्रतिलिपि नागरिकता लिनेको संख्या धेरै भएकाले जिल्ला प्रशासन कार्यालयमा प्रतिलिपि लिनेको संख्या बढी भएको र भिडभाड हुने गरेको र कर्मचारीको संख्या कम हुँदा गुनासो आउने गरेको ।

७) विद्युत अभावका कारण जेनेरेटरको प्रयोग गर्नुपर्ने हुनाले कतिपय दुर्गम वडाहरुमा विवरण संकलन र व्यवस्थापन गर्नमा कठिनाई भएको ।

८) विभागद्वारा कार्यक्रमका लागि पूर्व तयारीमा कम समय भएकाले अलिक गाह्रो भएको ।

९) विवरण संकलन सामाग्रीहरु समय समयमा बिग्रिरहने हुनाले समस्या उत्पन्न भएको थियो ।

३. कार्यक्रमको कार्यान्वयनः

सबै पालिकाहरुमा कार्यक्रम शुरु हुनुभन्दा पहिले १ दिनको अभियान संचालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको थियो । त्यसैगरी सबै टोल, समुदाय एवं वडाहरुमा विवरण संकलन हुने दिन सार्वजनिक सूचना मार्फत नागरिकहरुलाई सूसुचित गराइएको थियो । यस कार्यक्रम तपसिल वमोजिमका पालिकाहरुमा तपसिलको मितिमा सुरु भई तपसिलको मितिमा सकिएको थियो । त्यसैगरी राष्ट्रिय परिचयपत्र जिल्ला समन्वय समितिको बैठक वसी कार्यक्रमको समिक्षा समेत गरीएको थियो । जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय गरी सुरक्षाको व्यवस्थापन गरिएको थियो । अभियान अवधिभर सुरक्षाको अवस्था शान्तिपूर्वक रहेको थियो । कहिपनि जिल्लाभर घटनाहरु भएनन् । यद्यपी परशुराम न.पा.को वडा नं. ४ को एक स्टेसनबाट १ थान क्यामेरा हराएकोमा सो बारेमा इलाका प्रहरी कार्यालय मार्फत खोजीवीन भईरहेको जानकारी प्राप्त भएको छ ।

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

| सि.नं. | न.पा./गा.पा.को नाम | अभिमुखीकरण कार्यक्रमको मिति | अभियान शुरुवात मिति | अभियान अन्त मिति |
|---|---|---|---|---|
| १ | परशुराम नगरपालिका | २०७७।०८।३० | २०७७।०९।०२ | २०७७।१०।०७ |
| २ | अमरगढी नगरपालिका | २०७७।०८।३० | २०७७।०९।०१ | २०७७।०९।२७ |
| ३ | अजयमेरु गाउँपालिका | २०७७।०९।२५ | २०७७।०९।२८ | २०७७।१०।१४ |
| ४ | आलिताल गाउँपालिका | २०७७।०९।२५ | २०७७।१०।०१ | २०७७।१०।२१ |
| ५ | भागेश्वर गाउँपालिका | २०७७।१०।१६ | २०७७।१०।१७ | २०७७।११।०२ |
| ६ | नवदुर्गा गाउँपालिका | २०७७।१०। १५ | २०७७।१०।२० | २०७७।११।०५ |
| ७ | गन्यापधुरा गाउँपालिका | २०७७।१०।२३ | २०७७।१०।२९ | २०७७।११।१२ |

यस राष्ट्रिय अभियान अन्तर्गत देहाय वमोजिम विवरण दर्ता भएको छ ।

| क्र.सं. | स्थानीय तहको नाम | अनुमानित विवरण दर्ता संख्या | भएको विवरण दर्ता संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अमरगढी नगरपालिका | ९११७ | ९३२८ | १०२% | |
| २. | परशुराम नगरपालिका | १३२९७ | १८५३३ | १३९% | |
| ३. | आलिताल गाउँपालिका | ६९६२ | ८४१८ | १२१% | |
| ४. | अजयमेरु गाउँपालिका | ७३९५ | ७०५३ | ९५% | |
| ५. | भागेश्वर गाउँपालिका | ५५०५ | ५४८५ | १००% | |
| ६. | नवदुर्गा गाउँपालिका | ८२६९ | ७९८६ | ९७% | |
| ७. | गन्यापधुरा गाउँपालिका | ६६६८ | ६६०४ | ९९% | |
| जम्मा | | ५७२१५ | ६३,४०६ | १११% | |

यस जिल्लाको परशुराम नगरपालिकामा सबै भन्दा बढी १३९% सम्म विवरण संकलन भएको थियो भने सबै भन्दा कम अजयमेरु गाउँपालिकामा ९५% भएको थियो । अमरगढी नगरपालिका, भागेश्वर गाउँपालिका र आलिताल गाउँपालिकामा लक्ष्य (Target) भन्दा बढी विवरण संकलन भएको थियो ।

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## ४. कार्यक्रमको अनुगमन

राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानको क्रममा यस विभागका महानिर्देशक श्री जितेन्द्र बस्नेतबाट बस्तुस्थिती बुझ्ने र अनुगमन गर्ने काम सम्पन्न भएको थियो । त्यसैगरि यस अभियानको अनुगमन श्रीमान प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा, सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत, समन्वय समितिका सदस्यहरु लगायत अन्य कर्मचारीहरुको उपस्थितीमा गरिएको थियो । नियमित रुपमा देखिएको समस्याहरुको समाधानका लागि सहायक प्रमुख जिल्ला अधिकारी आफै स्टेसन राखिएका स्थानमा पुगी समस्या समाधान गरिएको थियो । त्यसैगरी प्राविधिक रुपमा देखिएका समस्याहरु कम्प्युटर अपरेटर घनश्याम जोशीले उक्त स्थानमा पुगी समस्या समाधान गरिएको थियो । यसका साथै परिचयपत्र समन्वय समितिका सदस्यहरु समेतको सहभागिता तथा पालिकाका प्रमुख/उपप्रमुख, प्रशासकीय अधिकृत र वडा अध्यक्षहरु द्वारा पनि प्रत्यक्ष अनुगमनमा सहभागि हुनुहुन्थ्यो ।

## ५. कार्यक्रमको उपलब्धि

मिति २०७७।०८।३० मा शुरु भई २०७७।११।१२ गते जम्मा ७२ दिनमा डडेल्धुरा जिल्लामा विवरण सङ्कलन अभियान सफलतापूर्बक सम्पन्न भएको छ । यसभन्दा अगाडीको निर्वाचनमा कुल मतदाता संख्याको ७०% अभियानमा सहभागी हुन सक्ने भनी मानेको आधारलाई हेर्दा कुल ५७२१५ जनाको विवरण संकलन गर्ने लक्ष्य (Target) भएता पनि अभियानको क्रममा ६३,४०६ जनाको विवरण संकलन भई कूल १११% सङ्कलन भएको छ । समग्रमा यस अभियानमा मद्दत गर्नुहुने सम्पुर्ण राजनीतिक दल, सरकारी एवं गैर सरकारी कार्यालयहरु, स्थानीय तह लगायत राष्ट्रिय परिचयपत्र विभागलाई जिल्ला प्रशासन कार्यालय, डडेल्धुराको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौ ।

**धन्यवाद !**

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी